मिति २०७८-३- १८ गते शुक्रवार टोखा नगरपालिकाको नवौं अधिवेशनको दोश्रो वैठकमा
नगर उप-प्रमुख श्री **ज्ञानमायाँ डंगोल**द्धारा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को
# वजेट वक्तव्य

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल।**
**२०७८**

१. टोखा नगरसभाको नवौं अधिवेशनको दोश्रो वैठकका अध्यक्ष एवं नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,सभामा उपस्थित नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मीहरु सवैमा हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु।

२. विश्वव्यापी कोभिड-१९ महामारीले मानव जीवन, आर्थिक र सामाजिक क्षेत्रमा सिर्जना गरेको विषम र कठिन परिस्थितिमा टोखा नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले यस नवौं नगरसभा समक्ष आगामी आ.ब २०७८/७९ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु। यस घडीमा देश र जनताको मुक्तिका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र र सम्वृद्धिका लागि संघर्ष गर्नु हुने सवै नगरवासी तथा त्यसको सक्षम नेतृत्व प्रदान गर्नुहुने अग्रज राजनैतिक व्यक्तित्वहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।

३. कोभिड-१९ को दोश्रो लहरको असर कहिले सम्म रहन्छ भनि एकिन गर्न कठिन भएको वर्तमान परिवेशमा जनस्वास्थ्य सम्वन्धि चुनौतिहरु हामी वीच थप भएका छन्। यस संकटपूर्ण घडीमा स्वास्थ्य सजगता अपनाउदै आर्थिक गतिविधिहरुलाई पनि सक्रिय वनाउनु आवश्यक छ। विश्व महामारीवाट सीर्जित समस्यालाई रोकथाम,न्यूनिकरण लगायतका कार्यमा अग्रभागमा खटूनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, एम्वुलेन्स चालक, अन्य चालकहरु जनप्रतिनिधिहरु, कर्मचारी, सुरक्षाकर्मी लगायत सम्पुर्णमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु, भोलीका दिनमा समेत यस्तो मानवीय भावना अझवढी जागृत हुदै सेवाका हातहरु सधै लम्कीरहुन् भन्ने शुभकामना व्यक्त गर्दछु।

४. कोभिड-१९ को महामारीवाट मानवीय र आर्थिक क्षति हुनुका साथै मनोवैज्ञानिक त्रास समेत सिर्जना भएको छ। संक्रमण नियन्त्रण, रोकथाम र उपचार गरी नगरवासीको जीवन सहज वनाउन नगरपालिका प्रतिवद्ध छ। कोभिड-१९ को संक्रमणवाट जीवन गुमाउनु हुने सम्पुर्ण व्यक्तिहरु प्रति श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। कोभिड-१९ संक्रमण भई उपचारत नगरवासीलगायत सम्पूर्ण दाजुभाई दिदीवहिनीहरुमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

५. नेपालको संबिधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको आधारभूत मूल्य मान्यता, र सुशासन कायम गर्न **सम्बृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय लक्ष्य र वागमती प्रदेशको **सुसंस्कृत र सुखी जनता: समाजवाद उन्मूख समृद्ध प्रदेश** लाई आत्मसाथ गर्दै **ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर** भन्ने दीर्घकालीन सोच हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सभासदस्यहरुलाई जानकारी गराउन चाहान्छु।

६. कोभिड-१९ वाट सिथिल भएको राजस्वका गतिविधिलाई पुनरुत्थान गर्दै गतिशिल वनाउन तथा कोभिड-१९ का विभिन्न भेरियन्टहरुको संक्रमण रोक्नुपर्ने कठिन परिस्थितीका वीच आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी वोध गरेको छु। यी चुनौतिहरुलाई चिर्दै नगरको विकास र सुशासन मार्फत मुलुकको संमृद्धिको यात्रामा एउटा ईट्टा थप्न टेवा पुर्याउने ध्येयका साथ आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम यस सम्मानीत सभामा पेश गर्न अनुमति चाहान्छु। वजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानुनहरु, कार्यपालिका वैठकले पारित गरेको नीति तथा कार्यक्रम, राजश्वपरामर्श समितिको सिफारिस, श्रोत अनुमान तथा सीमा निर्धारण समितिको सिफारिस,संघीय सरकार र प्रदेश सरकारको वजेट तथा मार्गदर्शन, दीगो विकासको लक्ष्यका साथै

विज्ञहरु एवं अन्य सरोकारवाला महानुभावहरुको सल्लाह सुझावलाई मुख्य आधार वनाएर मिति २०७८-३-९ को पहिलो वैठकमा पेश भए अनुसार रु १ अर्व ८९ करोड ९४ लाख ७६ हजार रकम वरावरको कार्यक्रम पेश गरेको छु ।

७. टोखा नगरलाई **"ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"**का रुपमा अगाडी बढाई सवै माझ परिचित गराउने गरि सवै क्षेत्रमा वजेट विनियोजनको व्यवस्था मिलाएको छु । नगर सभाको नवौं अधिवेशनबाट आर्थिक बर्ष २०७८/०७९ का लागि पारित हुने नीति तथा कार्यक्रमले समृद्ध नगर निर्माण गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु ।

८. चालु आर्थिक वर्षमा सम्पन्न् हुन नसकि दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गराउन उच्च प्राथमिकतामा राखेको छु भने आगामी आ.बको नीति तथा कार्यक्रमले नगरको लागि बिशेष महत्व मानिने योजनाहरु (जस्तै कल्की मन्दिर परिषर पार्क, नगरपालिका कार्यालय भवन तथा वडा कार्यालय भवनहरु, सडक पुर्वाधार, पुल निर्माण, सामुदायीक भवनहरु निर्माण, मेयर उज्यालो कार्यक्रम अन्तर्गत मुख्य मुख्य चोक तथा अति घनत्व हुने स्थानहरुमा सडकवत्ती जडान, जनता सुरक्षा कार्यक्रम अन्तर्गत महानगरिय प्रहरी संगको समन्वयमा मुख्य मुख्य चोकहरुमा सिसिटिभी जडान कार्यक्रम, मेयर स्वास्थ्य कार्यक्रम, महिला संग उपमेयर कार्यक्रम, सामुदायिक विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई दिवाखाजा कार्यक्रम, सामुदायिक विद्यालयमा मन्टेश्वरी कक्षा संचालन, एक वडा एक खेलकूद मैदान आदि) कार्यान्वयन गर्ने लक्ष्य लिएकोले सोको लागि आवश्यक वजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

९. आगामी आर्थिक बर्षमा वडा समितिवाट प्राथमिकतामा राखि सिफारिस भै आउने एवं नगरस्तरिय अन्य सवै कार्यक्रमहरु विषेश प्राथमिकताका साथ संचालनमा ल्याइने छ । यी सबै कार्यक्रमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । आगामी आर्थिक बर्षलाई अभियानका रुपमा सवै योजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।

१०. चालु आर्थिक बर्ष २०७७/०७८ मा कूल संशोधित आयव्यय अनुमान रु १ अर्व ६६ करोड ७४ लाख २३ हजार रहेको थियो, राजस्व असुली आन्तरिक श्रोत तर्फ १५ करोड ३४ लाख ८ हजार अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्त सम्म कूल यथार्थ राजस्व आम्दानी (आन्तरिक श्रोत) रु. १६ करोड ९९ लाख ७६ हजार (११०.८० प्रतिशत ) रहेको छ ।

११. यस नगरपालिकाको चालु आ.व.मा विनियोजनको करिव ५५ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । कूल विनियोजन मध्ये चालु तर्फ ७० प्रतिशत र पुजीगत तर्फ ५० प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।

१२. आर्थिक वर्ष २०७६/७७ को विनियोजनको तुलनामा यथार्थ खर्च ५०.४६ प्रतिशत रहेको छ । सो मध्ये चालु खर्च ६९.०९ प्रतिशत र पुजीगत खर्च ४२ प्रतिशत रहेको छ । भने चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा कूल विनियोजनको ४३.११ प्रतिशत खर्च भएको व्यहोरा अवगत गराउन चाहान्छु ।

१३. चालु आर्थिक वर्षको वार्षिक लक्ष्यको तुलनामा करिव ११५ प्रतिशत राजस्व संकलन हुने संशोधित अनुमान छ । कूल आन्तरिक राजस्व संकलन मध्ये सम्पति कर क्षेत्रको राजस्व उच्च रहने र यसको अंश करिव ३४ प्रतिशत हुने अनुमान गरेको छु ।

१४. कोभिड-१९को दोश्रो लहरका कारण सम्पूर्ण करदाताहरुमा परेको क्षतिलाई मध्येनजर गरी आर्थिक ऐन मार्फत गरि आगामी आ.व.मा करका विभिन्न दरहरुमा निश्चित समयको लागि अधिकतम् न्यूनतम् १५ प्रतिशत देखि अधिकतम् ५० प्रतिशत सम्म छुटको व्यवस्था गरेकोछु ।

**सभाध्यक्ष महोदय,**

१५.अव म यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०७८/०७९ को बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, प्राथमिकताहरु, बजेट तथा योजना तयार गर्दा ध्यान दिएका विषयहरु, विषयगत क्षेत्रहरु, योजना कार्यक्रम तथा बजेट तयारीका लागि अवलम्बन गरिएका पद्धतिहरु, आयोजना प्राथमिकिकरणका आधारहरुका बारेमा छोटकरीमा केही भनाईहरु राख्न चाहन्छु ।

१६.**वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः** आर्थिक बर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम तयार गर्दा निम्न कुरालाई मुख्य मार्गदर्शकका रुपमा लिएको छु ।

क. **समग्र नीति तथा आधारहरुः**- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,संघीय र वागमती प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड,स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४,राजस्व परामर्श समितिको प्रतिवेदन,श्रोत तथा वजेट सीमा निर्धारण समितिको सिफारिस ,संघीय तथा वागमती प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र वजेट,संघीय सरकारकाको विभिन्न परिपत्र तथा निर्देशनहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सिर्जित दायित्वहरु, निर्वाचनका वेला नगरवासी सामु गरेका प्रतिवद्धता एंव घोषणाहरु,वडाहरुको जनसंख्या,भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारमा वस्तुगत र वैज्ञानिक पद्धति अवलम्वन गरिएको, यस अघिका अनुभव तथा सिकाई,यस क्षेत्रका संघीय सासंदज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिहरु एंव विषय विज्ञहरु एवं वुद्धिजीवि वर्गको विद्युतिय माध्यमवाट प्राप्त सल्लाह सुझावका आधारमा टोखा नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका विषयहरु ।

ख. **क्षेत्रगत नीति तथा आधारहरुः**-

१. **आर्थिक विकास**:- उत्पादन, रोजगारी,व्यावसाय प्रवर्द्धन,सहकारीता विकास, एकीकृत सीप विकास आदि ।

२. **सामाजिक विकास**:- गुणस्तरीय शिक्षा, शिक्षामा सवैको पहुँचका लागि विषेश कार्यक्रम, प्राविधिक शिक्षामा जोड, खानेपानीको सेवा विस्तार, समावेशी विकास,भेदभाव तथा छुवाछुत रहित समाज निर्माण, महिला, वाल तथा अपाङ्गमैत्री सेवामा वृद्धि,सामाजिक सुरक्षा अभिवृद्धि, स्वास्थ्य सेवामा सवै नगरवासीको पहुँच अभिवृद्धि, खेलकूदको विकास एवं विस्तार,संस्कृति प्रवर्द्धन कार्यक्रम, सरसफाईमा अभिवृद्धि आदि ।

३. **पुर्वाधार विकास**:- सेवा प्रवाहमा सहजताको लागि कार्यालय भवनहरु, स्थानीय सामुदायिक भवनहरु, पाटी पौवा देवालयहरु, यातायात सहजताको लागि पूल, सडक लगायत दिगो पुर्वाधारको उपयोग, उर्जा,विद्युत पोल व्यवस्थापन, उचित ढल व्यवस्थापनका लागि ढल पुर्वाधार, वातावरण प्रवर्द्धनका लागि पार्क पुर्वाधार, खेल पुर्वाधार, खानेपानी पुर्वाधार आदि ।

४. **वन वातावरण तथा विपद व्यवस्थापन**:- वातावरणमैत्री विकास तथा शासन, जलवायू अनुकूल कार्यक्रम, प्रकोप व्यवस्थापन, नदी नियन्त्रण रिटेनिङ्गवाल, वृक्षारोपण, घरको फोहोर व्यवस्थापन - कम्पोष्ट विन, विपद् सुरक्षित स्थल छनौट आदि ।

५. **संस्थागत विकास सेवा प्रवाह र सुशासन**:- कानून निर्माण, नियमित नागरिक वडापत्र अध्यावधिक, सङ्गठन व्यवस्थापन, दरवन्दी तथा पदपूर्ति, कर्मचारीहरुलाई सूचक सहितको कार्यविवरण, भगिनी सम्वन्ध स्थापना, पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विद्युतीय प्रणालीको विकास, स्थानीय राजपत्र र नगरवुलेटिन नियमित प्रकाशन,सेवामा नागरिकको सहज पहूँच, नागरिक सन्तुष्टी सर्वेक्षण, वित्तीय व्यवस्थापन, वित्तीय सुशासन,सामाजिक न्याय,मेलमिलाप पद्धतीको विकास, सार्वजनिक सुनुवाई र गुनासो अभिलेख तथा व्यवस्थापन आदि ।

**योजना, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न विषयलाई मुख्य प्राथमिकतामा राखेको छु ।**

क. कोभिड-१९ रोकथाम तथा नियन्त्रणका विषयहरु,

ख. स्वास्थ्य सेवाको विश्वसनीयता अभिवृद्धि,स्वास्थ्य सम्वन्धि मापदण्डको पालना,

ग. शिक्षा क्षेत्रमा लगानी वढाउँदै प्राविधिक,सीपयुक्त,जीवनपयोगी गुणस्तरीय शिक्षा प्रदान,

घ. आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरु,

ङ. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु,

च. जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा बढावा हुने विषयहरु,

छ. स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरु,

ज. लैङ्गिक समानता र सामाजिक समाबेसीकरण, वातावरणमैत्री टेवा पुग्ने विषयहरु,

झ. दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुरयाउने विषयहरु,

ञ. सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयहरु ,

**सभाअध्यक्ष महोदय,**

१७. चालु आर्थिक वर्षमा विश्वमहामारी कोभिड-१९ का कारणवाट सृजित समश्याले समयमानै सम्पन्न् गर्न नसकिएका अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याउने र यस आ.बमा ठेक्का लागेका,सम्झौता भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

**योजना कार्यक्रम तथा बजेटमा समाबेश गरिएका विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।**

क. **आर्थिक विकास** :- आर्थिक बिकासको मुख्य शिषकमा उद्योग तथा वाणिज्य, कृषि, पशु पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन । यसका लागि कार्यक्रम गत रुपमा आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

ख. **सामाजिक विकास** :- सामाजिक बिकासका मुख्य शीर्षकमा खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र संस्कृती प्रवर्द्धधनका कार्यक्रमहरु समेटिएका छन । यसका लागि आवश्यक आवश्यक वजेट विनियोजन गरेको छु ।

ग. **पूर्वाधार विकास** :- यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक तथा अन्य सवै खाले पूर्वाधारका क्षेत्रहरु समेटिएका छन । यसका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

घ. **वातावरण तथा विपद व्यवस्थापन** :- यस मुख्य शिर्षकमा बाताबरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ल्याण्डफिल्ड साईटको ब्यबस्थापन, वन तथा भू–संरक्षण, वारुणयन्त्र सञ्चालन र विपद व्यवस्थापनका क्षेत्रहरु समेटिएका छन । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

ङ. **संथागत विकास, सेवा प्रवाह तथा सुशासन** : यस क्षेत्रमा अभिलेख व्यवस्थापन, नागरिक वडापत्र, मानव संसाधन विकास, सूचना प्रविधि, सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, राजश्व परिचालन, संस्थागत क्षमता विकास, पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार, कार्यालय सामान तथा सेवाहरु, सेवा तथा परामर्श, कार्यक्रम सम्बन्धी खर्चहरु, अनुगमन र मुल्याङ्कन र भ्रमण अन्तर्गत हुने खर्चहरु, आदि समेटिएका छन । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस सभा समक्ष आर्थिक बर्ष २०७८/७९ का लागि प्रस्ताव गरिएको अनुमानित आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

१८. **आय तर्फ** : आगामी आर्थिक बर्ष २०७८/७९ का लागि आन्तरिक आयतर्फ टोखा नगरपालिकाको आफ्नै श्रोत २२ करोड १६ लाख ७९ हजार तथा अल्या ६५ करोड गरी रु. ८७ करोड १६ लाख ७९ हजार प्रस्ताब गरिएको छ, जुन कुल अनुमानित आम्दानीको ४५.८९ प्रतिशत रहको छ । राजस्व वाँडफाँडवाट रु ४५ करोड १ लाख ९७ हजार प्रस्ताव गरिएको छ , जुन कूल अनुमानित आम्दानीको २३.७० प्रतिशत रहेको छ । बाह्य श्रोतबाट रु. ५७ करोड ७६ लाख प्रस्ताव गरिएको छ, जुन कूल आम्दानीको ३०.४१ प्रतिशत रहेको छ । उल्लेखित सवै श्रोतवाट गरी कुल रु १ अर्ब ८९ करोड ९४ लाख ७६ हजार आय हुने अनुमान गरिएको छ । जसको विस्तृत विवरण अनुसूचीमा समाबेश गरेकोछु ।

१९. **व्यय तर्फ** : माथि उल्लेखित शीर्षकमा प्राप्त हुने राजश्व रकमका आधारमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि बिषयगत क्षेत्रहरुमा रु. १ अर्ब ८९ करोड ९४ लाख ७६ हजार विनियोजन बजेट प्रस्तुत गरेको छु । यो खर्च अनुमान चालु आर्थिक बर्षको संशोधित अनुमान रु. १ अर्ब ६६ करोड ७४ लाख २३ हजारको तुलनामा १३.९१ प्रतिशतले बढि रहेको छ । चालु आवमा हामीले अनुमान गरे भन्दा आन्तरिक आय र राजस्व वाँडफाँड वृद्धिको अनुमानका साथै चालु आ.व.को लागि नगरसभावाट विनियोजित योजना तथा कार्यक्रमहरु कोभिड-१९ को दोश्रो लहरका कारण अनुमान गरे अनुसार समयमानै सम्पन्न् हुन नसकेका कारण उक्त कार्यक्रमहरु आगामी आ.वमा जिम्मेवारी सरेकोले आगामी आ.वको समग्र वजेटको आकारमा वृद्धि हुन गएको छ ।

२०. चालु आर्थिक वर्षमा रकम विनियोजन भई विविध कारणले सम्पन्न हुन नसकेका आवश्यक योजनाहरुलाई आर्थिक वर्ष २०७८/७९ मा निरन्तरता दिने व्यवस्था मिलाएको छु । प्रत्येक वडा समितिवाट सिफारिस भई आउने रु २ करोड ५० लाख सम्मका योजना तथा कार्यक्रमलाई वडा समितिको सिफारिस वमोजिम वजेटमा समेटिने व्यवस्था मिलाएकोछु ।

२१. संघीयता लागू भएपछि स्थानीय सरकारको रुपमा निर्वाचित भएर पहिलो स्थानीय सरकारको रुपमा नगरवासीको भावना, चाहाना, आकांक्षा वमोजिम जनहितका कार्यहरुमा अहोरात्र खटिएर नगरवासीमा विकास र संमृद्धिको आशाको किरण पलाउदै गर्दा हामी कोभिड-१९ को महामारीको अकल्पनीय संकटको घडीमा आईपुगेका छौं । संघीय, प्रदेश सरकार संगसंगै हामीले गरेका प्रयाशले यो महामारीवाट छिट्टै मुक्तभई नगरवासीको दिनचर्या सामान्य अवस्थामा फर्निके छ र नगरपालिकाको अर्थतन्त्र र विकास निर्माण तथा संमृद्धिका क्रियाकलापहरुलाई गतिशिल वनाई **"ऐतिहासिक, सास्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"**हासिल हुनेछ भन्ने विश्वास लिएको छु ।

२२. आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम नेपालको संविधानमा उल्लेख भए वमोजिमका राज्यका नीतिहरु, नेपाल सरकारले अन्तराष्ट्रिय समुदाय सामु गरेका प्रतिवद्धताहरु, संघ तथा प्रदेश सरकारले विभिन्न समयमा अवलम्वन गरेका नीति,लक्ष्य,निर्णयहरु साथै नगरपालिकाको दुरदृष्टी,लक्ष्य,उदेश्य,प्राथमिकता, नीति तथा कार्यक्रमसंग तादम्यता हुनेगरी तर्जुमा गरिएको छ । आज मैले प्रस्तुत गरेको वजेटको पूर्ण कार्यान्वयनले सरकारले अंगीकार गरेको लोककल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न संघीय सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न तथा **समृद्ध नेपाल**

**सुखी नेपालीको** दीर्घकालिन राष्ट्रिय सोचलाई सार्थक वनाउनमा एउटा ईट्टा थप्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । नगरको सन्तुलित एवम् समावेशी विकासमा टेवा पुर्याउन तथा सवै नगरवासीले सकारात्मक परिवर्तनको अनुभूति गर्ने दिशा तर्फ उन्मूख गराउन यो वजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा राखेको छु ।

२३. वजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नु हुने नगरप्रमुखज्यू तथा सभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । वजेट तर्जुमाको क्रममा महत्वपूर्ण योगदान पुर्याउनु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । **"ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"**को विकास, समृद्धि र समुन्नतिका लागि निरन्तर सदभाब र सहयोग गर्दै वजेट निर्माणको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नु हुने राजनैतिक दल, अर्थविद, निजी क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज,संचारजगत लगायत सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । सदाझै वजेट कार्यान्वयनको लागि यहाँहरुको सृजनशिल र रचनात्मक साथ सहयोगको अपेक्षा गरेकोछु ।

२४.हाम्रा सामु थुप्रै चुनौतीहरु छन । हामी सबैको साथ, सहयोग र सहकार्यलाइ थप प्रभाबकारी बनाउन सकेमा ति चुनौतीहरुलाई सजिलै पार गर्न सक्नेछौं भन्ने कुरामा कसको पनि दुइ मत नहोला । आगामी दिनमा सबैको सक्रिय सहयोग पाउने अपेक्षा गर्दै सम्पूर्ण महानुभाबहरुप्रती हार्दिक आभार प्रकट गर्दछु ।

२५.अत्यमा: स्वास्थ्य सम्वन्धी सावधानी अपनाई कोरोना महामारीको जोखिमवाट सुरक्षित रहदै टोखा नगरपालिकाको वृहत्तर विकास र संमृद्धिको अभियानमा एकजुट हुन सम्पूर्ण नगरवासी दिदीवहिनी तथा दाजुभाईहरुलाई आव्हान गर्दछु ।

धन्यवाद ।

१८, आषाढ, २०७८

ज्ञानमायाँ डंगोल
उप-प्रमुख